संघीय संसद

प्रतिनिधि सभा

# कानून, न्याय तथा मानव अधिकार समिति

| | |
|---|---|
| बैठक सङ्ख्या: ५८ | मिति: २०८१ माघ १५ गते मङ्गलबार |
| स्थान: समिति सभाकक्ष (काठघर नम्बर २), सिंहदरबार | बैठक प्रारम्भ: ८:४० बजे, अन्त्य: १०:४५ बजे |

प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७३ बमोजिम गठित कानून, न्याय तथा मानव अधिकार समितिको बैठक समितिका माननीय सभापति श्री बिमला सुवेदीको सभापतित्वमा आज बस्यो। बैठकमा उपस्थिति, छलफलको विषय र निर्णय देहायबमोजिम रहेको छः-

<u>उपस्थितिः-</u>

| क्रम | नाम, थर | हस्ताक्षर |
|---|---|---|
| १. | मा. श्री बिमला सुवेदी | (हस्ताक्षर) |
| २. | मा. श्री गोमा लाभ (सापकोटा) | (हस्ताक्षर) |
| ३. | मा. श्री चन्द्र बहादुर विश्वकर्मा | (हस्ताक्षर) |
| ४. | मा. श्री जीवन परियार | (हस्ताक्षर) |
| ५. | मा. श्री ध्रुव बहादुर प्रधान | (हस्ताक्षर) |
| ६. | मा. श्री नागिना यादव | (हस्ताक्षर) |
| ७. | मा. श्री नैनकला थापा | |
| ८. | मा. श्री पुष्प बहादुर शाह | (हस्ताक्षर) |
| ९. | मा. श्री पूर्णबहादुर घर्ती | (हस्ताक्षर) |
| १०. | मा. श्री प्रतिक्षा तिवारी | (हस्ताक्षर) |

| | | |
|---|---|---|
| ११. | मा. श्री महेश कुमार बतौला | |
| १२. | मा. श्री रन्जु कुमारी झा | |
| १३. | मा. श्री रामकुमार राई | |
| १४. | मा. डा. शुनिल कुमार शर्मा | अनुपस्थित रहने जानकारी (पत्र) प्राप्त भएको। |
| १५. | मा. श्री शेर बहादुर कुँवर | |
| १६. | मा. श्री शेर बहादुर देउवा | |
| १७. | मा. श्री सन्तोष परियार | |
| १८. | मा. श्री सुशिला थिङ | |
| १९. | मा. श्री सुहाङ्ग नेम्वाङ्ग | |
| २०. | मा. श्री सोबिता गौतम | |

पदेन सदस्यः-

| क्रम | पद, नाम र थर | हस्ताक्षर |
|---|---|---|
| १. | सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओली | |
| २. | माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री अजय कुमार चौरसिया | |

आमन्त्रितः-

| क्र.स. | पद, नाम र थर | हस्ताक्षर |
|---|---|---|
| १. | माननीय गृह मन्त्री श्री रमेश लेखक | |
| २. | श्री उदयराज सापकोटा (सचिव; कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय) | |
| ३. | श्री गोकर्णमणि दुवाडी (सचिव, गृह मन्त्रालय) | |
| ४. | श्री बसन्त बहादुर कुँवर (प्रहरी महानिरीक्षक, नेपाल प्रहरी) | |
| ५. | | |
| ६. | | |
| ७. | | |
| ८. | | |
| ९. | | |
| १०. | | |
| ११. | | |

छलफलको विषय:-

१. सुदूरपश्चिम प्रदेश, मधेश प्रदेश र लुम्बिनी प्रदेशका विभिन्न जिल्लाहरुमा रहेका प्रहरी हिरासतको स्थलगत अनुगमन गर्न गठित उपसमितिहरूको देहायको प्रतिवेदन पेस र छलफल ।

(क) सुदूरपश्चिम प्रदेशको कैलाली र कञ्चनपुर जिल्लामा रहेका प्रहरी हिरासतको स्थलगत अनुगमन उपसमितिको प्रतिवेदन, २०८१

(ख) मधेश प्रदेशको बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा र सप्तरी जिल्लामा रहेका प्रहरी हिरासतको स्थलगत अनुगमन उपसमितिको प्रतिवेदन, २०८१

(ग) लुम्बिनी प्रदेशको नवलपरासी(बर्दघाट सुस्ता पश्चिम), रूपन्देही, कपिलवस्तु, दाङ र बाँके जिल्लामा रहेका प्रहरी हिरासतको स्थलगत अनुगमन उपसमितिको प्रतिवेदन, २०८१

२. विविध ।

छलफल तथा निर्णय:-

१. समितिको आजको बैठकमा सुदूरपश्चिम प्रदेश, मधेश प्रदेश र लुम्बिनी प्रदेशका विभिन्न जिल्लाहरुमा रहेका प्रहरी हिरासतको स्थलगत अनुगमन गर्न गठित उपसमितिहरूको प्रतिवेदन पेस भएपश्चात् छलफल भयो ।

सर्वप्रथम माननीय सदस्य श्री शेर बहादुर कुँवरले सुदूरपश्चिम प्रदेशको कैलाली र कञ्चनपुर जिल्लामा रहेका प्रहरी हिरासतको स्थलगत अनुगमन उपसमितिको प्रतिवेदन, २०८१ सङ्क्षिप्त मन्तव्यसहित पेस गर्नुभयो । तत्पश्चात् माननीय सदस्य श्री प्रतिक्षा तिवारीले मधेश प्रदेशको बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा र सप्तरी जिल्लामा रहेका प्रहरी हिरासतको स्थलगत अनुगमन उपसमितिको प्रतिवेदन, २०८१ सङ्क्षिप्त मन्तव्यसहित पेस गर्नुभयो । त्यसपछि माननीय सदस्य श्री ध्रुव बहादुर प्रधानले लुम्बिनी प्रदेशको नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रुपन्देही, कपिलवस्तु, दाङ र बाँके जिल्लामा रहेका प्रहरी हिरासतको स्थलगत अनुगमन उपसमितिको प्रतिवेदन, २०८१ सङ्क्षिप्त मन्तव्यसहित पेस गर्नुभयो ।

समितिमा पेस भएका उल्लिखित ३ ओटै प्रतिवेदन र प्रतिवेदन सम्बद्ध विषयमा माननीय सदस्य श्री चन्द्र बहादुर विश्वकर्मा, माननीय सदस्य श्री महेश कुमार बर्तौला, माननीय सदस्य श्री रन्जु कुमारी झा, माननीय सदस्य श्री सोबिता गौतम र माननीय सदस्य श्री पूर्णबहादुर घर्तीले सुझावसहित आआफ्ना धारणा राख्नुभयो ।

समितिको आजको बैठकको कार्यसूचीमा रहेका विषयमा छलफल हुन बाँकी रहेका कारबाही माननीय गृहमन्त्रीको उपस्थितिमा समितिको अन्य कुनै बैठकमा हुने जानकारी गराउँदै सभापतिले समितिको आजको बैठक अन्त्य गर्नुभयो ।

................ (अधि राज राई) समितिको सचिव

...................... (बिमला सुवेदी) सभापति